विदुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.सं.:
च.नं. ४९२६

☎ ०१०-५६००५३
☎ ०१०-५६०४६९..

# छात्रबृत्ति सम्बन्धी सुचना

## प्रथम पटक प्रकासित मिति:२०७८।१२।१

यस विदुर नगरपालिका भित्रका जेहेन्दार तथा गरिव स्थानीय वासिन्दा विद्यार्थीका लागि प्राविधिक शिक्षा अध्ययन छात्रबृत्ती प्रदान गर्ने सम्बन्धी कार्यविधि तथा मापदण्ड २०७६ मा रहेको व्यवस्था अनुसार तपसिलका मापदण्ड पुरा गरेका विद्यार्थीका लागि यो सुचना प्रकाशन भएको मितिले ३० दिन भित्र शिक्षा,युवा तथा खेलकुद शाखामा निवेदन बुझाउनुहुन मिति २०७८।८।६ गतेको नगर शिक्षा समितिको निर्णय अनुसार निवेदन आव्हान गरिएको छ ।

**तपसिल**

१.छात्रवृत्ती प्राविधिक शिक्षा (नगरभित्र सञ्चालित प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद CTEVT बाट सञ्चालित आंगिक शिक्षालयमा अध्यापन हुने तिन वर्षे डिप्लोमा विषय) र **प्राविधिक उच्च शिक्षा MBBS , BE, BSc.Ag, BSc.Forestry,BVSc.AH**अध्ययनरत विद्यार्थीलाई मात्र प्रदान गरिने छ ।

२. छात्रवृत्ती स्थानीय वासिन्दालाई मात्र प्रदान गरिने छ ।

३. छात्रवृत्ती सामुदायिक (सरकारी) विद्यालयबाट SLC वा SEE गरेकालाई मात्र प्रदान गरिनेछ । तर कक्षा ८ मा भर्ना भई अध्ययन गर्न थालेपछि परिवारमा आम्दानी गर्ने अभिभावक मृत्यु भई सो अध्ययन गरीरहेको विद्यालयमा निरन्तर पढ्दै आएका विद्यार्थीहरुको हकमा निजी विद्यालयबाट SLC वा SEE गरेकालाई समेत प्रदान गर्न कुनै बाधा पर्नेछैन ।

४. छात्रवृत्ती गरिव तथा जेहन्दार स्थानीय वासिन्दालाई मात्र प्रदान गरिने छ ।

५. स्थानीय दलित, महिला तथा जनजातीलाई ग्राहयता दिईने छ । अभिभावक विहिन टुहुरा/बुबा नभएको र आमाको नियमित आम्दानी नभएको विद्यार्थीहरुलाइ विषेश ग्राहयता दिईनेछ ।

६. छात्रवृत्तीMBBS , BE, का लागिSEE / SLC र +२ मा "A" Grade (GPA 3.2) भन्दा तलको Category लाई समावेश गरिने छैन भने BSc.Agr BSc. Forestry, BVSc.AH को हकमा "B" Grade (GPA 2.4)भन्दा तलको Category लाई समावेश गरिने छैन । साथै प्राविधिक शिक्षा (तिन वर्षे डिप्लोमा) का लागि SEE / SLC मा "B+" Grade (GPA 2.8) भन्दा तलको Category लाई समावेश गरिने छैन ।

७ छात्रवृत्ती प्राप्त गरी MBBS मा अध्ययन गर्ने विद्यार्थीले अध्ययन पुरा गरे पछि अनिवार्य रुपमा नगरपालिकाले खटाएको स्वास्थ्य संस्था तथा कार्यालयमा २ वर्ष नेपाल सरकारले तोकेको

Scanned with CamScanner

अधिकृतस्तर आठौ तहको कर्मचारीले पाउने सुरु तलव स्केलमा सेवा गर्नेछु भनी कबुलियतिनामा गर्नु पर्नेछ भने BE, BSc. Ag.रBSc. Forestry, BVSc. AH मा अध्ययन गर्ने विद्यार्थीले अध्ययन पुरा गरे पछि अनिवार्य रुपमा नगरपालिकाले खटाएको कार्यालयमा २ वर्ष नेपाल सरकारले तोकेको अधिकृतस्तर छैठौं तहको कर्मचारीले पाउने सुरु तलव स्केलकमा सेवा गर्नेछु भनी कबुलियतिनामा गर्नु पर्नेछ । साथै प्राविधिक शिक्षा (तिन वर्षे डिप्लोमा) अध्ययन पुरा गरेपछि नगरपालिकाले खटाएको कार्यालयमा १ वर्ष नेपाल सरकारले तोकेको पाँचौं तहको कर्मचारीले पाउने सुरु तलव स्केलकमा सेवा गर्नेछु भनि कबुलियतिनामा गर्नु पर्नेछ ।

८. छात्रवृत्ती प्राप्त गर्न निवेदकले आफू स्थानीय वासिन्दा भएको प्रमाण सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र पेश गर्नुपर्नेछ । अन्यत्रबाट बसाइ सराई आएकाले कम्तिमा पाँच वर्ष अगाडि देखि स्थायी बसोवास गरेको बसाइ सराईको प्रमाण पेश गर्नु पर्नेछ ।

९. छात्रवृत्ती प्राप्त गर्न निवेदकले आफू गरिब तथा जेहेन्दार भएको प्रमाण सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र पेश गर्नुपर्नेछ ।

१०. निवेदकले आफू सामुदायिक (सरकारी) विद्यालयबाट SEE / SLC / TSLCउर्त्तीण गरेको प्रमाण पत्र वा सिफारिस पेश गर्नुपर्नेछ ।तर कक्षा ८ मा भर्ना भई अध्ययन गर्न थालेपछि परिवारमा आम्दानी गर्ने अभिभावक मृत्यु भई सो अध्ययन गरिरहेको विद्यालयमा निरन्तर पढ्दै आएका विद्यार्थीहरुको हकमा निजी विद्यालयबाट SLCवा SEE गरेकाले अभिभावकको मृत्यु दर्ता, वडाको तथा विद्यालयको सिफारिस पत्र पेश गर्नुपर्नेछ ।

११. निवेदक MBBS, BE,BSc. Ag., BSc. Forestry वा BVSc. AH मा अथवा तिन वर्षे डिप्लोमा २०७८ वैशाख देखि नयाँ भर्ना भई प्रथम वर्षमा अध्ययनरत रहेको भन्ने सिफारिस पत्र सम्वन्धित अध्ययन संस्थान वा क्याम्पसबाट पेश गर्नुपर्नेछ ।

छात्रावृत्ति वितरण तपशिल अनुसार विधा/संकायहरुमा उल्लेखित संख्यामा मात्र वितरण गरिनेछ ।

| क्र.सं. | विधा/संकाय | संख्या |
|---|---|---|
| १ | M.B.B.S. | १ |
| २ | Bachelor in Engineering Architecture | १ |
| ३ | Bachelor in Engineering (Other) | २ |
| ४ | Bachelor in Science (Agriculture) | १ |
| ५ | Bachelor in Veterinary Science (Animal Husbandry) | १ |
| ६ | Bachelor in Science (Forestry) | १ |
| ७ | ३ वर्षे डिप्लोमा (CTEVT बाट संचालित आंगिक शिक्षालय) - सबै विधामा | ३/३ जना |

१२. दोहोरो पर्ने गरी छात्रवृत्ती प्रदान गरिने छैन ।

१३. रित नपुगेको निवेदन उपर कुनै कारबाही गरिने छैन ।

१४. छात्रवृत्ति छनौटमा कुनै दुविधा उत्पन्न भएमा सिफारिस समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

१५. यस सम्वन्धी थप जानकारी चाहिएमा वि.न.पा शिक्षा शाखाको कार्यालयमा कार्यालय समयमा उपस्थित भई जानकारी लिन सकिनेछ ।

वेधार्थ: सुचना प्रविधि शाखा : वेभसाइडमा अपलोड गर्नुहुन ।

देवीप्रसाद अधिकारी
शिक्षा शाखा प्रमुख
उपसचिब (दशौंतह)

Scanned with CamScanner